# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, साउन १ गते २०४० साल (पूर्वातिरिक्ताङ्क १३ (घ)

श्री ५ को सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल अधिराज्यबाट निकासी र नेपाल अधिराज्यभित्र पैठारी गर्न स्वीकृति दिएमा बाहेक पूर्ण बन्देज लगाइएका वस्तुहरू र परिमाणात्मक बन्देज लगाइएका वस्तुहरू देहाय बमोजिम आजैका मितिदेखि नियन्त्रण गरेकोले यो आदेश जारी गरेको छ ।

#### अनुसूची–१

समुद्रपारबाट पैठारी गर्नको निम्ति लिनु पर्ने आयात इजाजतपत्रको अभिप्रायको लागि वस्तु वर्गीकरण,

१. पूर्ण बन्देज लगाइएका वस्तुहरू:–

१.१ औद्योगिक तयारी वस्तुहरू:–

(क) बिडी

(ख) चुरोट (नेपालमा उत्पादन हुने स्तरको मात्र)

(ग) सलाई ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.२ स्वास्थ्यलाई हानी गर्ने वस्तुहरू:—

(क) अफिम, मर्फिया, जस्ता लागू पदार्थहरू,

(ख) साठी प्रतिशतभन्दा बढी अल्कोहल भएका मदिराहरू।

१.३ हात-हतियार र विष्फोटक पदार्थहरू:—

(क) खर-खजाना बनाउन चाहिने आवश्यक वस्तुहरू,

(ख) बन्दूकहरू र बन्दूकका गोलीहरू,

(ग) कागज बाहेकका केप।

१.४ सम्वादबाहक यन्त्रहरू:—

(क) वायरलेस, वाकिटकी र अन्य यस्तै शब्दबाहक यन्त्रहरू।

१.५ मूल्यवान धातु तथा जवाहरात (भारी, झिटी, गुण्टा नियममा परेका बाहेक):—

(क) सुन, चाँदी, सुनचाँदीका सिक्काहरू र सुन चाँदीका जडाउहरू,

(ख) हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू,

(ग) उद्योग संरक्षणको दृष्टिकोणले प्रतिबन्ध लगाइएका वस्तुहरू।

२. परिमाणात्मक बन्देजका वस्तुहरू (भारत बाहेक):—

२(क) विकास निर्माणका सामानहरू:—

१. सिमेण्ट
२. जस्तापाता (कर्कटपाता) टिन
३. पेट्रोलियम पदार्थहरू
४. आल्मोनियम, जस्ता, सीसा र अन्य धातु
५. फलाम र इस्पातबाट बनेका एङ्गल, च्यानेल प्लेट तथा स्ट्रीप
६. कृषि कार्यमा प्रयोग हुने मेशिनरी, इक्वीपमेण्ट, औजारहरू, औषधी छर्ने यन्त्रहरू र तिनका पार्टपूर्जाहरू
७. पम्पसेट, टयूववेल, ट्रेक्टर, टेलर र तिनका पार्टपूर्जाहरू
८. कीटनाशक औषधीहरू
९. मेशिनरी र सोको स्पेयर पार्ट्स
१०. निटिङ मेशिन र सोको स्पेयर पार्टपूर्जाहरू, सिउने कल र सोको पार्ट पूर्जाहरू, सियो, कैंची, सेप्टीपीन, मेजरिङ्ग टेप र हाते सियो
११. औद्योगिक कच्चा पदार्थहरू (उद्योगबाट सिफारिश भए बमोजिमका कच्चा पदार्थहरू)
१२. एक्रेलिक टप्स
१३. विद्युत् उत्पादन र वितरणका सामानहरू
१४. यातायातका साधन बस, ट्रक र तीन पाङ्ग्रे

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१५. हाते यन्त्र र औजारहरू (ज्यावल)
१६. मेजरिङ र टेष्टिङ इक्वीपमेण्ट
१७. माउण्टेनीयरिङ र ट्रेकिङका सामानहरू (खाद्य पदार्थ र पेय पदार्थ बाहेक)
१८. टेलिफोन, टेलिकम्यूनिकेशन इक्वीपमेण्ट र सोको पार्टपूर्जाहरू
१९. ब्याटरी सबै प्रकारको (इलेक्ट्रोनिक बाहेक)
२०. रासायनिक पदार्थ र त्यसबाट उत्पादित वस्तुहरू
२१. खेलकूदका सामानहरू (स्पोर्ट गुड्स)
२२. शैक्षिक सामग्रीहरू (यसको स्टाण्डर्ड वर्गीकरणमा परेका सामानमात्र)
२३. पुस्तक, जर्नल, नयाँ पत्रपत्रिका, पोष्टर तथा प्रचार सामग्री
२४. कार्यालय उपकरण र सोको पार्टपूर्जाहरू, टाइपराइटर, क्यालकुलेटिङ्ग मेशिन, फोटोकपी मेशिन, डुप्लिकेटिङ्ग मेशिन (पकेट क्यालकुलेटर बाहेक)
२५. लेख्ने तथा छाप्ने कागज
२६. रङ्ग रोगन र तत्सम्बन्धी वस्तुहरू
२७. वैज्ञानिक प्रयोगशालाको सामानहरू
२८. तामा, पित्तलका पाता, इनगट, स्क्रेप
२९. एक्रिलिक, नाइलन, स्ट्रेच नाइलन र सिन्थेटिक यार्न
३०. पोलिथिन ग्रानुयल्स
३१. जडान उद्योगको कच्चा पदार्थ र पार्टपूर्जा

२.(ख) दैनिक उपभोगमा प्रयोग हुने सामानहरूः–

१. दूध खुवाउने बोतल र निप्पल्स
२. रेजर ब्लेड
३. चश्मा, चश्माको शिशा, फ्रेम र सोको सामानहरू
४. औषधी (टेट्रासाइक्लिन बाहेक) र मेडिकल इक्वीपमेण्ट
५. लालटिन, प्रेसर र ननप्रेसर ल्याम्पस र सोको पार्टपूर्जाहरू
६. पोते, टाँक र क्लिप
७. जिरा, मरिच
८. मोटरसाइकल र त्यसको पार्टपूर्जा
९. बस, ट्रक र तीन पाँग्रेको पार्टपूर्जा (टायर टयूब, बल बियरिङ्ग र फ्लेप्स सहित)

२.(ग) अर्ध विलासिता तथा विलासिताका वस्तुहरूः–

१. मोटरकार र स्पेयर पार्ट्स
२. रेफ्रिजेरेटर र डीप फ्रिज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. छालाको तयारी सामान
४. जीप फास्नर, फ्लिन्ट
५. रेडियो, स्टेरियो, टेप रेकर्डर, रेकर्ड प्लेयर, ग्रामोफोन, क्यासेट, टेप, टेलीभिजन, भिडियो र अन्य अडियो भिजुअल सामानहरू
६. सबै प्रकारका क्यामेरा, प्रोजेक्टर, फिल्म र फोटोग्राफिक गुड्स
७. पकेट क्यालकुलेटर, पकेट नाइफ
८. खेलौना
९. हाउसहोल्ड एप्लाइंसेज, कटलरी, सेरामिक गुड्स, ग्लासवेयर, प्लाष्टिक गुड्स र किचेन इक्वीपमेण्ट्स (इलेक्ट्रिकल र म्यानुयल)
१०. मदिरा, बियर
११. चुरोट
१२. सेभिङ्ग क्रिम, लोशन र ब्रुस
१३. किरोसिन हिटर
१४. वाटर हिटर
१५. बाथरूम र घर सजाउने अन्य सामान
१६. विभिन्न किसिमका बाकस र ब्यागहरू
१७. म्यूजिकल इन्स्ट्रमेण्ट
१८. परफ्यूम र कस्मेटिकका सामान
१९. नक्कली गहनाहरू तथा सेमिप्रिसियस स्टोन
२०. पंखा, कुलर र एयर-कण्डिशनका सामान
२१. वाल पेपर
२२. चक्लेट, टफी र चुइङ्गम
२३. निटवेयर, कपडा, कपडाबाट बनेका सामान र रेडिमेड गार्मेन्ट (सूती, ऊनी, रेशमी, सिन्थेटिक, एक्रेलिक, नाइलन, पोलिष्टर आदि)
२४. साबून (लुगाधुने स्तरको बाहेक)
२५. घडी
२६. हार्डवेयरका सामान, ताल्चा, कब्जा, छिस्किनी आदि
२७. खाने मसला (ड्राइफ्रुट)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

समुद्रपार निकासी हुने वस्तुहरूको वर्गीकरणः–

१. स्वीकृति दिएमा बाहेक निकासीमा पूर्ण बन्देज लगाइएका वस्तुहरू:-

(अ) सबै देशहरूमा निकासी हुनेमाः–

(क) पुरातात्विक तथा धार्मिक महत्वका वस्तुहरूः–

(१) विदेशी तथा स्वदेशी पुरातात्विक महत्वका सिक्काहरू

(२) देव-देवताको मूर्ति, ताडपत्र, भुजापत्र

(३) ऐतिहासिक महत्वका पौवाहा ।

(ख) मूल्यव धानतु तथा जवाहरात (भारी, झिटी, गुण्टा नियममा परेका बाहेक):–

(१) सुन, चाँदी, सुन चाँदीका सिक्काहरू र सुन चाँदी जडाउ गहनाहरू (चाँदी वा चाँदी मिश्रित धातुबाट बनेका हस्तकलाका वस्तुहरू र सुन तथा चाँदीको पालिस जलप वा कोटिङमात्र गरी तयार गरिएका हस्तकलाका वस्तुहरू बाहेक)

(२) हीरा जवाहरात र हीरा जवाहरात जडाउ गहनाहरू

(ग) वन्य जन्तु संरक्षण सम्बन्धी वस्तुहरूः–

(१) जङ्गली जीवजन्तु, (अर्ना, बाँदर, पण्डा, कोकर्पा, हाग्रे, रातो बिरालो, गैंडा, कस्तुरी मृग आदि)

(२) जङ्गली जीवजन्तुको पित्त लगायत तिनको शरीरको कुनै पनि अङ्ग भाग

(३) कस्तुरी

(४) सर्पको छाला, छेपारोको छाला ।

(घ) मादक पदार्थहरूः–

गाँजा, अफिम, चरेस (सिगल कन्भेन्शन अन नरकोटिक्स, १९६१ मा परिभाषा गरिएबमोजिम )।

(ङ) औद्योगिक महत्वका वस्तुहरूः–

(१) विष्फोटक पदार्थ र ऐ. लाई चाहिने फ्यूज वा फ्यूजका लागि बनाइएका सामानहरू ।

(२) जङ्गी खर-खजाना तयारीको लागि चाहिने केमिकलहरू ।

(च) औद्योगिक कच्चा पदार्थहरूः–

(१) काँचो छाला (ड्राइ साल्टेड समेत)

(२) कच्चा ऊन

(३) सवाई घाँस

(४) तामा, पित्तल, काँस, झलोट, फलाम आदि धातुका पत्रहरू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(छ) अन्य वस्तुहरू:–

(१) ममिरा,

(२) कोकाकोला,

(३) गोलिया र चिरान काठ,

(४) सुनगाभा, चाँदीगाभा जस्ता अर्किड विरुवाहरू ।

(आ) भारतमा मात्र निकासी हुनेमा:–

भारत बाहेक अन्य देशहरूबाट पैठारी भएका सबै वस्तुहरू (भारी, झिटी गुण्टा नियमले लैजान पाउने बाहेक),

२. निकासीमा परिमाणात्मक बन्देज अन्तर्गत परेका वस्तुहरू (भारत बाहेक):–

(१) चामल

(२) मकै

(३) गहूँ

(४) रहरको दाल

(५) चनाको दाल

(६) मुसुरको दाल

(७) मासको दाल

(८) तोरी

(९) सरसौं

(१०) रायो

(११) औद्योगिक कच्चा पदार्थ (समय समयमा वाणिज्य विभागबाट सूचना प्रकाशित गरी तोकेअनुसार हुनेछ) ।

३. खुल्ला रूपमा निकासी गर्न दिइने वस्तुहरू:–

निकासीमा प्रतिबन्ध नलगाइएका र परिमाणात्मक बन्देजमा नपरेका वस्तुहरू ।

द्रष्टव्य:–

(१) उपरोक्त अनुसार तोकी दिएका वस्तुहरूमध्ये परिमाणात्मक बन्देज अन्तर्गतका सामान कति परिमाणसम्म निकासी गर्न दिइने हो प्रत्येक आर्थिक वर्षको शुरूमा स्पष्ट खुलाई वाणिज्य तथा आपूर्ति मन्त्रालयले सूचना प्रकाशित गर्नेछ । आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गरी त्यस्तो वस्तुहरूको संख्या र परिमाण पनि संशोधन गरिनेछ ।

(२) माथिको वर्गीकरणमा परेको वस्तुहरूको शीर्षक अन्तर्गत के कस्तो सामान निकासी हुन सक्दछ त्यसको कार्यविधि र व्याख्या वाणिज्य विभागले समय समयमा सूचना प्रकाशित गरी गर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।